नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह समन्वय शाखा)

पत्र संख्या : ०७५/७६

च.नं. : ६६५

मिति : २०७६/०१/२९

विषयः एक नेपाली एक फलफूलको बिरुवा रोपण अभियानको निरन्तरता सम्बन्धमा ।

श्री स्थानीय तहहरु सबै,

प्रस्तुत विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. प्र.३१/७९९९ मिति २०७६/०१/१९ को एक नेपाली एक फलफूलको बिरुवा रोपण अभियानको निरन्तरता दिने सम्बन्धको पत्र यसै साथ संलग्न छ । प्राप्त पत्रअनुसार यस मन्त्रालय मार्फत सबै स्थानीय तहमा देहाय बमोजिम गर्न अनुरोध गर्ने भनि लेखि आएकोले सो अनुसार गर्न गराउन हुन आदेशानुसार अनुरोध छ ।

तपशिलः

- देशभरका सबै ७५३ स्थानीय तहको स्वामित्वमा रहेका खाली जमिनमा भौगोलिक अनुकुलताअनुसार रोपण गर्न सकिने फल
- फूलका बिरुवाहरुको अनुमानित संख्यात्मक तथा प्रजातिगत विवरण संकलन गरी १५ दिन भित्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई उपलब्ध गराइ सोको बोधार्थ सम्बन्धित जिल्ला स्थित कृषि तथा वन कार्यालयलाई समेत उपलब्ध गराउने ।
- एक नेपाली एक फलफूलका बिरुवा रोपण अभियानलाई नागरिक स्तरसम्म पुऱ्याई कृषकहरुलाई निजी जमिनमा समेत मौसम एवं भौगोलिक अनुकुलता अनुसारका बिरुवाहरु व्यवसायिकरुपमा रोपण गर्न अभिप्रेरित गर्ने कार्यको नेतृत्वदायी भूमिका स्थानीय तहहरुले निर्वाह गर्ने।
- प्रत्येक स्थानीय तहहरुलाई हरेक वर्ष फलफूलका बिरुवा रोपण गर्ने कार्यक्रम अनिवार्य रुपमा बार्षिक कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्ने ।

(अर्जुनराज शर्मा)

शाखा अधिकृत

बोधार्थः

श्री सूचना तथा प्रविधि शाखाः वेभसाइटमा अपलोड गर्नु हुन ।

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(प्रशासन महाशाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।


दर्ता नं.:- १८४५०
मिति:- २०७६।०१।२४

पत्र संख्या :०७५-७६/
च.नं. प्र.३१/ ७४११

दर्ता नं.:- 2101 / 9126

विषय:- एक नेपाली एक फलफूलको विरुवा रोपण अभियानको निरन्तरता सम्बन्धमा ।

दर्ता नम्बर:- 9662 / 076/1/26

श्रीमान् सचिवज्यू,
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार ।

सम्माननीय प्रधानमन्त्रीज्यूबाट विश्व वातावरण दिवस जून ५,२०१८ को अवसरमा सिंहदरवार परिसरमा फलफूलका विरुवा रोपण गरी शुभारम्भ गर्नु भएको **एक नेपाली एक फलफूलको विरुवा रोपण अभियान**लाई निरन्तरता दिई नेपाललाई फलफूलमा आत्मनिर्भर बनाउने उद्घोष गर्नुभएबमोजिम देशभर हालसम्म फलफूलका विरुवा २३,१६,७३९ र अन्य विरुवा ५,७४,१८० गरी जम्मा २८,९०,९१९ वटा विरुवा रोपण भएको व्यहोरा अनुरोध गर्दछु ।

सो अभियानको वार्षिक समिक्षा, निरन्तरता, रोपिएका विरुवाहरुको संरक्षण तथा आगामी दिनमा चाल्नु पर्ने कदमका सम्बन्धमा यस कार्यालयका सचिव श्री शिशिर कुमार ढुंगानाज्यूको अध्यक्षतामा बिभिन्न मन्त्रालय तथा निकायका पदाधिकारीहरुको उपस्थितिमा मिति २०७६।०१।१७ गते बसेको बैठकले गरेको १५(पन्ध्र) बुँदे निर्णयको छायाँप्रति तहाँ मन्त्रालयसंग समेत सम्बन्धित देखिएकोले प्रभावकारी कार्यान्वयनका लागि यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा सादर अनुरोध गर्दछु ।

(बिनोद बहादुर कुँवर)
सहसचिव

__बोधार्थ:__
सम्माननीय प्रधानमन्त्रीज्यूको निजी सचिवालय, सिंहदरवार ।

श्री स्थानीय तह समन्वय शाखा (डिलगी)

बुँदा नं. ४, ५, ६ अनुरूप गर्न गराउन सबै स्थानीय तहलाई जानकारी पठाउने ।


टेलिफोन : ४२११०२५, ४२११०४२, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

निर्णयहरु :

१. आगामी जुन ५, २०१९ विश्व वातावरण दिवसको उपलक्ष्यमा एक नेपाली एक फलफूलका विरुवा रोपण अभियानलाई निरन्तरता दिनुका साथै गत वर्ष रोपिएका विरुवाहरुको संरक्षण समेत गर्ने व्यवस्था मिलाउन गृह मन्त्रालय मार्फत् सम्पूर्ण जिल्ला प्रशासन कार्यालयहरुलाई अनुरोध गर्ने ।

२. नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल,नेपालको देशभरका कार्यालय तथा व्यारेक वरिपरि रहेको खाली जमिनमा रोपण गर्न सकिने फलफूलका विरुवाहरुको अनुमानित संख्यात्मक तथा प्रजातिगत विवरण संकलन गरी १५ (पन्ध्र) दिन भित्र उपलब्ध गराउनुका साथै सोको वोधार्थ सम्वन्धित जिल्ला स्थित कृषि तथा वन कार्यालयलाई समेत उपलब्ध गराउन रक्षा तथा गृह मन्त्रालयमार्फत् अनुरोध गर्ने ।

३. देशभरका सम्पूर्ण सरकारी/सामुदायिक विश्वविद्यालय एवं विद्यालयहरुको स्वामित्वमा रहेका खाली स्थानमा रोपण गर्न सकिने फलफूलका विरुवाहरुको अनुमानित संख्यात्मक तथा प्रजातिगत विवरण संकलन गरी १५ (पन्ध्र) दिन भित्र उपलब्ध गराउनुका साथै सोको वोधार्थ सम्बन्धित जिल्ला स्थित कृषि तथा वन कार्यालयलाई समेत उपलब्ध गराउने व्यवस्थाका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई अनुरोध गर्ने ।

४. देशभरका सबै ७५३ स्थानीय तहको स्वामित्वमा रहेका खाली जमिनमा भौगोलिक अनुकुलताअनुसार रोपण गर्न सकिने फलफूलका विरुवाहरुको अनुमानित संख्यात्मक तथा प्रजातिगत विवरण संकलन गरी १५ (पन्ध्र) दिन भित्र यस कार्यालयलाई उपलब्ध गराइ सोको वोधार्थ सम्बन्धित जिल्ला स्थित कृषि तथा वन कार्यालयलाई समेत उपलब्ध गराउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत् सबै स्थानीय तहहरुलाई अनुरोध गर्ने ।

५. एक नेपाली एक फलफूलका विरुवा रोपण अभियानलाई नागरिक स्तरसम्म पुन्याई कृषकहरुलाई निजी जमिनमा समेत मौसम एवं भौगोलिक अनुकुलता अनुसारका विरुवाहरु व्यवसायिकरुपमा रोपण गर्न अभिप्रेरित गर्ने कार्यको नेतृत्वदायी भूमिका स्थानीय तहहरुले निर्वाह गर्ने व्यवस्थाका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत् अनुरोध गर्ने ।

६. प्रत्येक स्थानीय तहहरुलाई हरेक वर्ष फलफूलका विरुवा रोपण गर्ने कार्यक्रम अनिवार्य रुपमा वार्षिक कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत् अनुरोध गर्ने ।

७. फलफूलका विरुवाहरुको वढ्दो मागलाई ध्यानमा राख्दै जिल्लाभरिको माग संकलन गरी तदनुरुपका गुणस्तरयुक्त विरुवाहरुको पर्याप्त मात्रामा उत्पादन गर्नको लागि आवश्यक संख्यामा नर्सरी निर्माण तथा नर्सरीको स्तरोन्नति गरी प्राविधिकरुपमा रोप्नयोग्य विरुवाहरु मात्र वितरण गराउने व्यवस्थाका लागि कृषि तथा पशुपंक्षी विकास मन्त्रालयलाई अनुरोध गर्ने।

सचिव

८. देशभरि रोपण भएका फलफूलका विरुवाहरुको उचित संरक्षण एवं सम्बर्द्धन गर्नका लागि जिल्ला स्थित कार्यालयहरुबाट आवश्यक व्यवस्था मिलाउनुका साथै अन्य सरकारी निकायहरुबाट माग भइ आएमा विरुवा रोपण तथा संरक्षणका सम्बन्धमा परामर्श तथा प्राविधिक सेवा समेत उपलब्ध गराउने व्यवस्थाका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई अनुरोध गर्ने ।

९. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना मार्फत् आगामी आ.व. भित्र एक प्रदेश एक फलफूल जोनको निर्माण गर्ने कार्यको थालनी गर्न र सो कार्यक्रमलाई क्रमशः प्रत्येक जिल्लाहरुमा विस्तार गर्दै लैजान कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई अनुरोध गर्ने।

१०. एक नेपाली एक फलफूलका विरुवा रोपण अभियानलाई सफल पार्न वन तथा वातावरण मन्त्रालय मातहत देशभर रहेका नर्सरीहरुमा समेत पर्याप्त संख्यामा फलफूलका विरुवाहरु उत्पादन गरी मागअनुरुप वितरणको व्यवस्था मिलाउन वन तथा वातावरण मन्त्रालयलाई अनुरोध गर्ने ।

११. बैंक तथा वित्तीय संस्था,औद्योगिक प्रतिष्ठान तथा अन्य सङ्गठित संस्थाहरुलाई सामाजिक उत्तरदायित्वअन्तर्गत फलफूलका विरुवा रोपण गर्ने कार्यमा अभिप्रेरित गर्न अर्थ मन्त्रालयमार्फत् अनुरोध गर्ने ।

१२. लुम्बिनी क्षेत्र विकास कोष तथा पशुपति क्षेत्र विकास कोष, विभिन्न धार्मिक स्थल तथा विकास समितिहरुले ओगटेका क्षेत्रहरु जस्तैः पाथिभरा, हलेसी, खसड, मुक्तिनाथ, स्वयम्भुनाथ लगायतका क्षेत्रमा हावापानी सुहाउँदा फलफूलका विरुवा रोपण गर्न संस्कृति पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय मार्फत् अनुरोध गर्ने ।

१३. पूर्व पश्चिम पुष्पलाल लोकमार्ग, हुलाकी सडक, रेलमार्ग, उत्तर दक्षिण करिडोर, निर्माणाधीन एवं विस्तारित सडकहरु तथा आगामी दिनमा निर्माण हुने सबै सडकको सम्भव भएसम्म दायाँ बायाँ किनारामा उपयुक्त प्रजातिका फलफूल तथा औषधीजन्य (हर्बल) विरुवा रोपण गर्ने कार्यलाई परियोजनाको अभिन्न अङ्ग बनाउन भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयलाई अनुरोध गर्ने ।

१४. नदी तथा खोलाको किनारामा Alignment निश्चित गरी बाँकी रहेको जमिनमा फलफूल, कृषि उपज एवं औषधीजन्य विरुवा रोप्ने कार्यलाई उच्च प्राथमिकता दिई आगामी आ.व.मा कार्यक्रम स्वीकृत गरी लागू गर्न उर्जा, जलश्रोत तथा सिचाई मन्त्रालयलाई अनुरोध गर्ने ।

१५. आगामी जुन ५, २०१९ विश्व वातावरण दिवसको उपलक्ष्यमा एक नेपाली एक फलफूलका विरुवा रोपण अभियानलाई निरन्तरता दिन मन्त्रालयहरु मार्फत् मातहतका सबै निकायहरुलाई अनुरोध गर्ने ।